आज मिति २०८२।०१।१५ गते बिहान १:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री बासुदेव भट्टराई | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

तिलकराम यादव का. वडा अध्यक्ष बुद्धभूमि -५

बैठक नं. १४/२०८१।०८२

**मिति :२०८२।०१।१५ गते दिनको १:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:**

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णयः** मिति २०८२।०१।०२ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८२।०१।१४ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ ५५.०५ प्रतिशत तथा पूँजीगत खर्च तर्फ १६.९२ प्रतिशत रकम खर्च भएको साथै २०८२।०१।१४ गते सम्म आन्तरिक राजश्व तर्फ २ करोड १९ लाख ४७ हजार ५ सय ८० रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **सम्पन्न योजनाहरूको फर-फारक सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको आ.व.२०८१।०८२ मा सञ्चालित योजना तथा कार्यक्रम मध्ये मिति २०८२।०१।०१ देखि २०८२।०१।१५ गते सम्म योजना शाखाबाट प्राप्त विवरण अनुसार २७ वटा योजना तथा कार्यक्रमहरु फरफारकको लागि पेश भएको र ३ वटा योजनाहरूको अनुगमन भएको व्यहोरा जानकारी प्राप्त भयो।

४. **नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा।**

**निर्णयः क)** बुद्धभूमि नगरपालिका वडा नं. ९ मा रहेको अगिया खोलाको मिति २०८१।११।०९ मा बुद्धभूमि नगरपालिका र शाही पोख्रेल कन्स्ट्रसन बुद्धभूमि न.पा. १ बीच सम्झौता भएकोमा डिभिजन वन कार्यालय, गौतमबुद्ध, चन्द्रौटाबाट उत्खनन कार्यमा रोक/अवरोध भएकोले सम्झौता बमोजिम नदीजन्य पदार्थ उत्खनन सुरूवात हुन नसकेको हुँदा मिति २०८२।०१।०२ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन समेतको निर्णय गरी मेसिन प्रयोग गरी उत्खनन गर्न आवश्यक निर्णयार्थ जिल्ला समन्वय समितिको कार्यालय तौलिहवा, कपिलवस्तु पठाइएकोमा उक्त कार्यालयको च.नं. ३१५ र मिति २०८२।०१।१० गतेको पत्रानुसार बुद्धभूमि नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित निर्देशन र मेसिन प्रयोग कार्ययोजना साथै प्राविधिकको प्रत्यक्ष निगरानीमा दैनिक २ वटा मेसिन प्रयोग गरी मिति २०८२ जेष्ठ मसान्त भित्र सम्झौतामा उल्लेखित नदीजन्य पदार्थ उत्खननको अनुमति दिने निर्णय गरियो। साथै नगरस्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिबाट नियमित निगरानी निरीक्षण, अनुगमन गर्ने निर्णय गरियो।

**ख)** बुद्धभूमि नगरपालिका वडा नं. १ स्थित गुडरूङ खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा विक्री गर्ने प्रयोजनार्थ बुद्धभूमि नगरपालिका र स्वाभिमान कन्ट्रक्सन प्रा.लि. बीच मिति २०८१।१०।३० मा सम्झौता भई सम्झौतामा उल्लेखित १८,६३० घनमिटर मध्ये हाल सम्म ५९११.६१ घ.मि. परिमाण उत्खनन भई नापचाँज समेत भई सकेको र बाँकी १२७१८.३९ घ.मि. परिमाण उत्खनन गर्नको लागि जनशक्तिको अभाव र मानवीय श्रमबाट उत्खनन गर्न सम्भव नभएको भनी मेसिन प्रयोग गरी उत्खनन गर्नको लागि स्वाभिमान कन्ट्रक्सन प्रा.लि. बाट

वासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

अनुमति माग भएकोमा मिति २०८२।०१।०२ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार मेसिन प्रयोग गरी उत्खनन गर्न आवश्यक निर्णयार्थ जिल्ला समन्वय समितिको कार्यालय तौलिहवा, कपिलवस्तु पठाइएकोमा उक्त कार्यालयको च.नं. ३१५ र मिति २०८२।०१।१० गतेको पत्रानुसार बुद्धभूमि नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित निर्देशन र मेसिन प्रयोग कार्ययोजना साथै प्राविधिकको प्रत्यक्ष निगरानीमा दैनिक २ वटा मेसिन प्रयोग गरी मिति २०८२ जेष्ठ १० गते भित्र सम्झौतामा उल्लेखित नदीजन्य पदार्थ उत्खननको अनुमति दिने निर्णय गरियो। साथै नगरस्तरीय अनुगमन समिति र वडा स्तरीय अनुगमन समितिबाट नियमित निगरानी निरीक्षण, अनुगमन गर्ने निर्णय गरियो।

**ग)** बुटवल गोरूसिगें चन्द्रौटा सडक योजना बुटवल, रूपन्देहीको च.नं. २८५ र मिति २०८२।०१।१४ गतेको पत्रानुसार बुटवल देखि गोरूसिगें सम्म कुल ५० कि.मि. सडक स्तरोउन्नतिलागी निर्माण व्यवसायी श्री SCEGC-ANS J.V ले बुद्धभूमि नगरपालिका वडा नं. ३ मा रहेको झिंगवा खोलाबाट १०,००० घ.मी. नदीजन्य कच्चा पदार्थ माग गरेकोमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा बुद्धभूमि नगरपालिकाको IEE प्रतिवेदनमा अनुसार नदीजन्य पदार्थको एकिन गरी सकेपछि नदीजन्य पदार्थको लागि प्रदेश सरकार र नगरपालिकाले तोकेको दररेटमा बढाबढ हुने गरी निर्माण व्यवसायी श्री SCEGC-ANS J.V सँग लिखित पत्राचार/वार्ताद्वारा दररेट कायम गरी नदीजन्य पदार्थ लिनको लागि सम्झौता गर्ने। साथै सम्झौता पश्चात नगरकार्यपालिका कार्यालयबाट नियमानुसार लाग्ने राजश्व दस्तुर बुझाई नदीजन्य पदार्थ मेसिन प्रयोग गरी उत्खनन गर्ने निर्णय गरियो।

५. **योजना/ कार्यक्रमको म्याद थप सम्बन्धमा।**

निर्णय : **क)** उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरू निर्माण सामाग्रीको अभावमा तोकिएको मितिमा सम्पन्न हुन नसकेका उपभोक्ता समितिसँग सम्झौता भएका सबै योजना तथा विषयगत शाखा/उपशाखा/वडाहरूबाट संचालित सामाजिक विकास लगायतका कार्यक्रमहरूको सम्पन्न गर्ने म्याद २०८२ बैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो।

**ख)** बुद्धभूमि नगरपालिकाको ठेक्का नं. ४ Bhelai-Purena-Gorusinghe-Bakdariya Sadak Kalopatre (Road Upgrading With Asphalt Concrete and other works) योजनाको काम स्थानीय विवादले गर्दा काममा अवरोध भएको र ठेक्का नं. ५ Pakrehati-Premnagar-Alinagar-Chetradehi-Sadak (PaseIII) Road Upgrading With Asphalt Concrete योजनाको काम स्थानीय विवादले अदालतमा मुद्दा परेकोले लगायत विविध कारणले निर्माण कार्य विलम्ब हुन गएको भनी प्राविधिक शाखाबाट म्याद थप गर्न सकिने सहितको प्रतिवेदन पेश भएकोले उक्त योजनाहरूको लागि ३० दिन म्याद थप गर्ने निर्णय गरियो।

६. **बालश्रम मुक्त वडा घोषणाका लागि तथ्यांक संकलनको रिपोर्ट (तथ्यांक) प्रस्तुत सम्बन्धमा।**

**निर्णयः** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा) को च.नं. बाल.नि. २८ मिति २०८१।०८।११ गतेको पत्रानुसार चालु आर्थिक वर्षमा इच्छुक स्थानीय तहहरूले लागि अनुदानको लागि बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव माग भएकोले बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची १ अनुसार फाराम यस नगरपालिकाको वडा नं. १,२,३,४,७ र ९ मा मिति २०८२।०१।१४ गते सम्ममा प्रारम्भिक तथ्यांक प्राप्त भएकोले तथ्यांक प्रस्तुत गरियो।

वासुदेव भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

७. **स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सम्बन्धमा।**

निर्णयः **यस कार्यालय अन्तर्गतका वडा कार्यालय तथा विभिन्न गै.स.स. बाट** नगरपालिका भित्र सञ्चालन हुने स्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने भएमा त्यसको समन्वय एवं जानकारी स्वास्थ्य शाखालाई गराई दोहोरो कार्यक्रम नपर्ने गरी कार्यक्रम सञ्चालन गर्ने/गराउने निर्णय गरियो।

८. **विविध।**

**क) योजना अनुमोदन सम्बन्धमा।**

निर्णयः आ.व. २०८१।०८२ मा अत्यावश्कीय मर्मत सम्भार तथा निर्माणका योजनाको लागि विनियोजित बजेटबाट विभिन्न मितिमा नगर प्रमुखको तोकादेशमा रकम विनियोजन भएका तपसिलका योजनाहरू अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | योजनाको नाम | वडा न. | विनियोजित रकम |
|---|---|---|---|
| १ | गगनि गाउँ भित्र नालि निर्माण | 10 | 500000 |
| २ | अर्घाखाँची सडक देखि पूर्व अधुरो सिचाई कुलो निर्माण | 1 | 176000 |
| ३ | मिलिजुलि खानेपानि तथा सरसफाई उ.स. को अधुरो भवनको प्लास्टर तथा विविध काम | 4 | 135000 |
| ४ | कौलेश्वर मन्दिर मर्मत तथा रंग रोगन | 2 | 200000 |
| ५ | शिवपुरा गाउमा बनवारी केवटको घर देखी झुलुङ्गे पुल चौक सम्म सडक पि.सि.सि. ढलान | 6 | 400000 |
| ६ | अधुरो हनुमान मन्दिर निर्माण बनकट्टि | 8 | 300000 |
| ७ | बसन्तपुर-भेलाई सडक देखि दक्षिण प्रकाश पथ | 1 | 200000 |
| ८ | अधुरो देउराली मन्दिर को बाउन्डरी निर्माण | 1 | 100000 |
| ९ | महेन्द्र राजमार्ग देखि हेल्थपोस्ट जाने बाटोमा सडक पिसिसि | 9 | 450000 |
| १० | पुरेना ताल बाट आउने अधुरो छोट्की कुलो निर्माण | 2 | 300000 |
| ११ | संगनडिहवा गाउँमा धर्मशाला निर्माण | 7 | 200000 |
| १२ | सिउरैया देखी पुरेना गाई फारम जाने वाटो तथा मोर्मी भैशी फारम जाने वाटो मर्मत | 3 | 200000 |
| १३ | अधुरो मन्दिर निर्माण पक्रहटा | 5 | 200000 |
| १४ | काली मन्दिर मर्मत संगनडिहवा | 7 | 150000 |
| १५ | चंघाट उत्तरी खेत मा कुलो तथा तटबन्ध निर्माण | 1 | 100000 |
| १६ | बाबुडीहवा काली मन्दिर मर्मत | 7 | 150000 |
| १७ | अमहवा अधुरो शिवालय मन्दिर निर्माण | 8 | 100000 |
| १८ | चेतरादेही एल टि लाईन मर्मत | 10 | 248902 |

वासुदेव भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख